शिक्षा तालिम केन्द्र धुलिखेलको

**सेवा प्रवेश तालिम, एक महिने प्रमाणीकरण तालिम( TPD) र प्रधानाध्यापक नेतृत्व विकास तालिमका लागि आवेदन**

**फाराम भर्ने सम्बन्धी सूचना**

शिक्षा तालिम केन्द्र, धुलिखेलबाट आ व २०८३।०८४ को स्वीकृत कार्यक्रम अनुसार २०८२ मा नियुक्ति हुनु भएका आधारभूत र माध्यमिक तहका शिक्षकहरूका लागि सेवा प्रवेश तालिम, हालसम्म पनि एक महिनाको TPD तालिम नलिएका इच्छुक ( बालविकास केन्द्रका शिक्षक, आधारभूत तथा माध्यमिक तहका ) शिक्षकहरूले एक महिने प्रमाणीकरण तालिम र एक महिने नेतृत्व विकास तालिमका लागि माध्यमिक तह र आधारभूत तहका प्रधानाध्यापक तथा सहायक प्रधानाध्यापकहरूले यस किसिमको तालिम हालसम्म नलिएको भए तपसिलअनुसारको प्रक्रिया अवलम्बन गरी मिति २०८३।०५।२० गते भित्र फाराम भर्नुहुन अनुरोध छ।

## फाराम भर्नु अगाडि तपसिलका बुँदाहरू ध्यान दिएर पढ्नुहुन ।

**आवेदन फाराम भर्नु अगाडि तपसिलका कागजातहरू Pdf मा तयारी अवस्थामा राख्नुपर्ने छ र पासपोर्ट फोटो jpg मा हुनुपर्ने छ ( सबै pdf/ jpg फायलहरू 250 kb भन्दा कम भएको सुनिश्चित गर्नुहोस्)**

- सम्बन्धित तहको नियुक्ति पत्र (pdf) नागरिकता प्रमाणपत्र (pdf) पासपार्ट साइजको फोटो (jpg)
- प्र अ नेतृत्व विकास तालिमको लागि सम्बन्धित तहको प्रधानाध्यापक वा सहायक प्रधानाध्यापकको नियुक्ति पत्र (pdf)
- विद्यालय वा स्थानीय तहको सिफारिस पत्र (pdf) (अनिवार्य नभएको , सकेसम्म संलग्न गर्दा राम्रो)

फाराम भर्दा विवरण कालिमाटी/युनिकोडमा र बैङ्क र पान विवरण भर्दा अङ्ग्रेजी भाषा प्रयोग गर्नुहुन

### ➡ फाराम भर्ने प्रक्रिया

१ फाराम भर्न ttmis.bagamati.gov.np लग इन गरी TPD / सेवा प्रवेश / प्र.अ. नेतृत्व क्षमता तालिम आवेदन फाराममा क्लिक गर्नुहोस्।

२ शिक्षकको व्यक्तिगत तथा सेवासम्बन्धी विवरणमा प्रत्येक विवरण नछुटाई ध्यानपूर्वक भर्नुहुन ।

- व्यक्तिगत विवरण भरेपछि नियुक्ति विवरण उल्लेख गर्नुहोस् जसमा नियुक्ति भएको मिति (साल, महिना, दिन), नियुक्ति जिल्ला, नियुक्ति तह (प्रारम्भिक बालविकास, प्रा.वि., नि.मा.वि., मा.वि.) र विषय लेख्नुहोस । बालविकास र प्राथमिक तहमा नियुक्ति हुने शिक्षकले सबै लेख्ने र अरू तहमा नियुक्ति हुनेले नियुक्ति भएको विषय लेख्ने

३ आवेदकले आफूले नियमित कारोबार गरेको बैङ्कको नाम, बैङ्क खातामा भएको नाम खाता नं. र पान (PAN) नं. नबिगारी English मा लख्ने

त्यसै गरी हाल कार्यरत विद्यालयसम्बन्धी विवरण पनि क्रमशः भर्नुहोला

- विद्यालयको नाम
- विद्यालय रहेको ठेगाना: प्रदेश (बागमती), जिल्ला (बागमती प्रदेश अन्तर्गतका १३ जिल्ला), स्थानीय तह र वडा नं.

४ तपाइले लिनुपर्ने कुनै १ वटा तालिमको नाम छनोट गर्नुहोस्

- एक महिने प्रमाणीकरण तालिम (TPD) वा सेवा प्रवेश तालिम वा एक महिने प्रधानाध्यापक नेतृत्व तालिम
- एक महिने प्रमाणीकरण TPD तालिमको हकमा तालिम लिने विषयमा तपाईँ बालविकासको भए प्रारम्भिक बालविकास र शिक्षा, कक्षा १ देखि ३ मा अध्यापन गर्नुहुन्छ भने एकीकृत पाठ्यक्रम (कक्षा १--३), र कक्षा ४ देखि माथि जुन विषयमा नियुक्ति हुनु भएको छ सोही विषय मात्र छनोट गर्नुपर्ने छ ।

५ शिक्षा तालिम केन्द्र वा तालिम केन्द्रले तोकेको स्थानमा भौतिक रूपमा उपस्थित भएर तालिम लिने कि अनलाइनबाट तालिम लिने हो सो सम्वन्धमा तपाईँले रोजेको प्राथमिकतालाई आधार बनाइने छ । छनोट हुँदा पहिलो प्राथमिकतामा समावेश हुन नसके स्वतः दोस्रो प्राथमिकतामा पर्ने कुरा बुझ्नुपर्छ।

६ अब तपाईँले तयार गर्नुभएका कागजातहरू क्रमशः अपलोड गर्नुहोस । TPD र सेवा प्रवेश तालिमको हकमा शिक्षकको नियुक्ति पत्र र प्रधानाध्यापक नेतृत्व विकास तालिमको हकमा प्रधानाध्यापक/ सहायक प्र अ को नियुक्ति पत्र

अन्त्यमा फाराम पेस गर्नुहोस्मा क्लिक गर्नुहोस ।

२०८३/०५/०२

घनश्याम खनाल
निमित्त कार्यकारी निर्देशक

SCAN गरेर पनि आवेदन फाराम भर्नसक्नुहुने छ।